**मिति २०७९ साल जेष्ठ २८ गते बसेको नगरकार्यपालिकाको दोस्रो वैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) वित्तिय सुशासन जोखिम मुल्यांकनको नतिजा अनुमोदन गर्ने सम्बन्धमा ।
२) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ २०७९।८० मा प्राप्त बजेट रकम बाँडफाँड र योजना छनौट गर्ने सम्बन्धमा ।
३) नीति तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा ।
४) समिति तथा विशेष समिति गठन तथा कार्यसञ्चालन नियमावली-२०७९ पारित गर्ने सम्बन्धमा।
५) आ.व.२०७९।८० का लागि नीति कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने कार्यक्रम प्रस्ताव सहित राय, सल्लाह, सुझाव संकलनका लागि सूचना आव्हान गर्ने सम्बन्धमा ।
६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, वेस, ग्रावेल विक्रि शुल्कको लागि न्यूनतम ठेक्का अंक तोक्ने सम्बन्धमा ।
७) विज्ञापन करको न्यूनतम ठेक्का अंक तोक्ने सम्बन्धमा ।
८) सडक उपयोग शुल्कको न्यूनतम ठेक्का अंक तोक्ने सम्बन्धमा ।
९) आगामी आ.व.०७९।८० को लागि बजेट सिलिङ्ग तोक्ने सम्बन्धमा ।
१०) वडा स्तरीय योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा ।
११) विविध
(क) कोभिड-१९ बाट प्रभावित अति विपन्न परिवारलाई आर्थिक सहायता रकम उपलब्ध गराउने सम्बन्धमा
(ख) सम्पति कर तथा भूमिकर व्यवस्थापन कार्यविधि २०७९ का सम्बन्धमा

**निर्णय नं.१**

निर्दिष्ट सय वटा सूचकको आधारमा आ.व. ०७७०७८ को वित्तिय सुशासन जोखिम मुल्याङकन हुँदा यस नगरपालिकाले ७३ अंक प्राप्त गरेको देखिँदा उक्त अंकलाई अनुमोदन गरी आगामी वर्षहरुमा १०० अंक नै प्राप्त हुने गरी प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्दै योजनावद्ध ढङ्गबाट कार्ययोजनाका साथ अगाडी बढ्ने निर्णय गरियो ।

**निर्णय नं.२**

रोजगारी सृजनाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. ०७९।८० का लागि यस नगरपालिकाले खर्च गर्न सक्ने रकम रु.६३,४८,०००।- र प्रथामिकिकरणमा परेका ११० जना वेरोजगारहरुको सूची प्राप्त भएकोमा उक्त विवरणलाई अनुमोदन गरी उक्त रकम मध्येबाट ज्याला रकम भुक्तानी हुने गरी प्रथामिकिकरणमा परेको वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत दामासाहीले कार्य दिन पर्ने गरी रोजगारी दिने निर्णय गरियो ।

| क्र.स. | प्रदेश | जिल्ला | LGCODE | नगरपालिका/ गाउँपालिका | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | राजस्व व्यवस्थापन | जम्मा प्राप्तङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | बाग्मती प्रदेश | धादिङ | 30409 | बेनीघाट रोराङ्ग गाउँपालिका | 18 | 23.5 | 16 | 9 | 12.5 | 79 |
| **2** | **बाग्मती प्रदेश** | **धादिङ** | **30413** | **धुनीबेंशी नगरपालिका** | **16** | **23** | **15** | **7.5** | **11.5** | **73** |
| 3 | बाग्मती प्रदेश | धादिङ | 30410 | गजुरी गाउँपालिका | - | - | - | - | - | N/A |
| 4 | बाग्मती प्रदेश | धादिङ | 30411 | गल्छी गाउँपालिका | - | - | - | - | - | N/A |
| 5 | बाग्मती प्रदेश | धादिङ | 30403 | गंङ्गा जमुना गाउँपालिका | 13.5 | 16 | 11 | 4 | 3.5 | 48 |
| 6 | बाग्मती प्रदेश | धादिङ | 30407 | ज्वालामुखी गाउँपालिका | 20 | 26.5 | 17 | 14 | 14.5 | 92 |
| 7 | बाग्मती प्रदेश | धादिङ | 30402 | खनियाबास गाउँपालिका | 16 | 19 | 11 | 9.5 | 8.5 | 64 |
| 8 | बाग्मती प्रदेश | धादिङ | 30405 | नेत्रावती गाउँपालिका | 14.5 | 17.5 | 14 | 11 | 11.5 | 68.5 |
| 9 | बाग्मती प्रदेश | धादिङ | 30406 | नीलकण्ठ नगरपालिका | - | - | - | - | - | N/A |
| 10 | बाग्मती प्रदेश | धादिङ | 30401 | रुबी भ्याली गाउँपालिका | 8 | 7.5 | 3 | 0 | 3.5 | 22 |
| 11 | बाग्मती प्रदेश | धादिङ | 30408 | सिद्धलेक गाउँपालिका | 15 | 19 | 13 | 7 | 8 | 62 |
| 12 | बाग्मती प्रदेश | धादिङ | 30412 | थाक्रे गाउँपालिका | - | - | - | - | - | N/A |
| 13 | बाग्मती प्रदेश | धादिङ | 30404 | त्रिपुरासुन्दरी गाउँपालिका | - | - | - | - | - | N/A |